लुम्बिनी प्रदेश सरकार
कृषि ,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

भैरहवा, रूपन्देही

ईमेल-akcrupandehi@gmail.com

सम्पर्कः ०७१-५९०१३०/ ५९०१३१

Website:www.akcrupandehi.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
भैरहवा, रूपन्देही

आ.ब.२०८३-०८४

सूचना नं: ०२

कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धि सुचना ।

(प्रथम पटक सुचना प्रकाशित मिति २०८३/०७/१७)

यस कृषि ज्ञान केन्द्र, रुपन्देहीको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलको कार्यक्रममा सहभागी हुन ईच्छुक योग्य आवेदकहरुले यो सुचना प्रकाशित भएको मितिले २५ दिन मिति २०८३/०८/११ गते सम्म (कार्यालय समय भित्र) तपसिलको कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, संचालन कार्यबिधि यस कार्यालयको सूचनापार्टी/वेवसाईट www.akcrupandehi.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ। थप जानकारीका लागि कार्यालयको फोन नम्बर ,०७१-५९०१३०,०७१-५९०१३१, ९८५७०५२९२९ मा सम्पर्क गर्न सकिने छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रकृयामा समाबेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

क्रं. सं	कार्यक्रम	संचालन गर्न सकिने क्रियाकलापहरु	न्यूनतम मापदण्ड	संचालन क्षेत्र	आवेदकको किसिम	अनुदानको सिमा
१.	सिचाई सहित कृषि विकास कार्यक्रम	-सोलार सिंचाई, थोपा सिंचाइ, लिफ्ट सिंचाई, बोरिङ्ग, पम्पसेट, मोटर, डेलिभरी पाइप, सक्सन पाइप, ड्रिप तथा स्प्रिङ्कलर, लगायतका सिंचाई सामग्री खरिद, -सिंचाई कुलो/पोखरी, वोरिङ्ग, लिफ्ट सिंचाई निर्माण तथा सुधार, -स्यालो ट्यूववेल जडान।	-फर्म/कम्पनीको हकमा न्यूनतम १० कठ्ठा र सामुदायिकको हकमा २.५ हे. . सिंचित क्षेत्र विस्तार गर्नुपर्ने, -यस अघि अनुदान नपाएकालाई प्राथमिकता दिने, -लक्षित तथा सिमान्तकृत वर्गलाई प्राथमिकता दिने।	जिल्ला भर	फर्म/कम्पनी/कृषक समूह /कृषि सहकारी /जल उपभोक्ता समिति सहभागी हुन सक्ने,	• तपसिल बमोजिम उल्लिखित रकममा नबढ्ने गरी कूल लागतको सिंचाइ कूलो निर्माण, पोखरी निर्माण, सोलार सिंचाइ, स्यालो टयूवेल ,ड्रिप सिचाई , पाइप सिचाई पूर्वाधार निर्माणको हकमा अधिकतम ८५ प्रतिशत र मोटर, पम्पसेट तथा डेलिभरी पाइप, सक्सन पाइप लगायतमा ५० प्रतिशत अनुदान सहयोग , • फर्म/कम्पनीको हकमा प्रति आयोजना/ अनुदानग्राही अधिकतम रु १ लाख ५० हजारसम्म

कार्यालय प्रमुख

Scanned with CamScanner

लुम्बिनी प्रदेश सरकार
कृषि ,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

भैरहवा, रूपन्देही

ईमेल-akcrupandehi@gmail.com

सम्पर्क: ०७१-५९०१३०/ ५९०१३१

Website:www.akcrupandehi.lumbini.gov.r

आ.ब.२०८३-०८४

						• कृषक समूह/कृषि सहकारी/जल उपभोक्ता समितिको हकमा प्रति आयोजना/अनुदा नग्राही अधिकतम रु. ३ लाखसम्म।
२.	युवा लक्षित कृषि उत्पादन/उद्यम शीलता कार्यक्रम	-प्रस्ताव आवहानको सूचना -संक्षिप्त सूची प्रकाशन -प्रस्तुतीकरण -मूल्याङ्कन तथा छनोट -कृषि मूल्य श्रृंखला विकासका क्रियाकलापहरु तथा नवप्रवर्तन योजना र कृषिसँग सम्बन्धित सीपको उपयोग योजना।	-कृषि मूल्य श्रृंखला विकास नवप्रवर्तन/ योजना / कृषिसँग सम्बन्धित सीपको उपयोग सम्बन्धी प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने -कार्यालयले गठित प्राविधिक समिति मार्फत प्राप्त प्रस्तावहरुमध्ये उपयुक्त प्रस्ताव छनोट गर्नुपर्ने।	जिल्ला भर	-१८ बर्षदेखि ३५ बर्षका युवा सहभागी हुन सक्ने,	-प्रति अनुदानग्राही रु. एक लाख नबढ्ने गरी कूल लागतको अधिकतम ५० प्रतिशत सहयोग।
३.	मागमा आधारित कृषि विकास कार्यक्रम	-फर्म/कम्पनी/कृषक समूह/ कृषि सहकारीले माग गरेका बालीबस्तुको उत्पादन/ प्रशोधन/बजारीकरणसँग सम्बन्धित कार्यक्रमहरु, -उत्पादन /प्रशोधन /बजारीकरणसँग सम्बन्धित यन्त्र उपकरण तथा अन्य आवश्यक सामग्री।	-कार्यालयले प्रस्तावकसँग कार्ययोजना सहितको प्रस्ताव मागको सूचना आवहान गर्नुपर्ने, -कार्यालयले प्राप्त प्रस्तावलाई निर्धारित सूचकका आधारमा मूल्याङ्कन गरी आयोजना छनोट गर्नुपर्ने।	जिल्ला भर	फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी सहभागी हुन सक्ने,	-प्रति अनुदानग्राही/ आयोजना बढीमा रू. १ लाखमा नबढ्ने गरी ५० प्रतिशत अनुदान सहयोग।
४	महको प्रशोधन तथा प्याकेजिङ्गमा यन्त्र उपकरण तथा सामाग्री सहयोग	-प्रशोधन तथा बजारीकरणसँग सम्बन्धित यन्त्र उपकरण तथा सामग्रीहरू खरिद।	-मौरी सहितको कम्तीमा २० घार मौरीपालन गरेको हुनुपर्ने।	जिल्ला भर	-फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी सहभागी हुन सक्ने,	-विनियोजित बजेटको परिधिभित्र रही अधिकतम ५० प्रतिशत अनुदान सहयोग।
५.	बीउ आलुको ढुवानी, बोरा तथा शित भण्डार	-शीत भण्डारण शुल्क सहयोग, -बीउ ढुवानी, -बोरा खरिद/छपाई।	- बोरा छपाईको हकमा आर्थिक वर्ष उल्लेख गर्नुपर्ने।माग अनुसार शीत भण्डार	जिल्ला भर	कृषक/फर्म/कम्पनी/ कृषक समूह/कृषि सहकारीले आलु बीउ उत्पादन गरी शीत	बजेटको परिधिभित्र रही बढीमा ५०

कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि ,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

कृषि ज्ञान केन्द्र

भैरहवा, रूपन्देही

ईमेल-akcrupandehi@gmail.com

सम्पर्क: ०७१-५९०१३०/ ५९०१३१

Website:www.akcrupandehi.lumbini.gov.r

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
भैरहवा, रुपन्देही

आ.ब.२०८३-०८४

	शुल्कमा सहयोग कार्यक्रम		शुल्कमा मात्र समेत सहयोग गर्न सकिने, कृषक/फर्म/कम्पनी/ कृषक समूह/कृषि सहकारीले वीउ आलु उत्पादन योजना सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने वा जानकारी दिनुपर्ने ।		भण्डारमा भण्डारण गरेको हुनुपर्ने,	प्रतिशत अनुदान सहयोग।
६.	कृषि यान्त्रीकरण कार्यक्रम	-सिंचाइसँग सम्बन्धित उपकरण बाहेकका कृषि यन्त्र उपकरण खरिद,	-कार्यालयबाट स्वीकृत भएको स्पेशिफिकेशन बमोजिम कृषि औजार तथा यन्त्र उपकरणहरु सम्बन्धित कृषक/फर्म/कम्पनी/ कृषक समूह/सहकारीले खरिद गर्नुपर्ने।	जिल्ला भर	-फर्म/कम्पनी/कृषक समूह/कृषि सहकारी संस्था मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्ने,	- कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान (प्रति अनुदानग्राही अधिकतम रु एक लाख र समुह/ सहकारीको हकमा अधिकतम पाँच लाख)
७.	सहकारी मार्फत कृषि प्रवर्द्धन कार्यक्रम	-सहकारी/संघ संस्थाहरु मार्फत कृषि/पशुपन्छी जन्य उत्पादन,प्रशोधन, बजारीकरण सँग सम्बन्धित प्रविधिमा आधारित मेशिन, ओजार, उपकरण, सामाग्रीमा सहयोग ।	-सहकारी संघ/ संस्थाले नयाँ व्यवसाय आफैले संचालन गर्नुपर्ने वा संचालन गर्दै आएको व्यवसाय भएमा व्यवसाय वा प्रविधि विस्तार सँग सम्बन्धित क्रियाकलपहरु थप गरी संचालन गर्नुपर्ने । -दर्ता भएको मितिले २ वर्ष पुगेका बचत तथा ऋण बाहेकका सहकारी संघ संस्थाहरु हुनुपर्ने । -कानुनी रुपमा समस्या नभएका वा कालो सूचीमा नरहेको सहकारी संघ संस्था हुनुपर्ने	जिल्ला भर	सहकारी/ संघ संस्थाहरुले कार्ययोजना सहितको प्रस्ताव कार्यालयमा पेश गर्नुपर्ने ।	- सहकारी संघ/संस्थाले पेश गरेको प्रस्तावको कूल रकमको ५० प्रतिशत वा अधिकतम पाँच लाख सम्ममा जुन कम हुन आउँछ सो रकम प्रदान गरिने ।

कार्यालय प्रमुख

लुम्बिनी प्रदेश सरकार
कृषि ,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
भैरहवा, रूपन्देही

ईमेल-akcrupandehi@gmail.com
सम्पर्क: ०७१-५९०१३०/ ५९०१३१
Website:www.akcrupandehi.lumbini.gov.r

आ.ब.२०८३-०८४

			-संस्थाको उद्देश्य र कार्यक्षेत्र प्रस्तावित आयोजनासँग मेल खाएको हुनुपर्ने । -दुईलाख भन्दा कम लागतको प्रस्ताव पेश गर्न पाइने छैन ।			
८	स्कुल हर्टिकल्चर कार्यक्रम	-कार्यालयले छनोट भएको विद्यालयमा तपसिलका क्रियाकलापहरु सञ्चालन गर्न सकिने, अभिमूखीकरण/तालिम/ जनचेतना अभिवृद्धी -विद्यार्थीलाई श्रमसँग जोड्ने क्रियाकलापहरु जस्तै: प्राङ्गारिक मल प्रदर्शनी, तरकारी खेती प्रदर्शन, प्लाष्टिक गुमोज, विरुवा रोपण, बगैंचा स्थापना, च्याउ आदीसँग सम्बन्धित उत्पादन समाग्री र उपकरणहरु, -विद्यालयले सञ्चालित कार्यक्रमको उपलब्धि मूलक प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्ने।	-विद्यालय छनोटका लागि उपलब्ध क्षेत्रफल, स्रोत तथा प्राविधिक उपयूक्ततालाई आधार लिने।	जिल्ला भर	-कम्तिमा कक्षा १० सम्म तहसम्म अध्यापन गराउने उपयूक्त सरकारी विद्यालयहरु छनोट गरी कार्यक्रम संचालन गर्नुपर्ने,	-कार्यालयले लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने, प्रति विद्यालय अधिकतम रु.१ लाख सम्म ख र्च गर्न सकिने।

संलग्न गर्नुपर्ने कागजातहरु:

१. प्रस्तावको निवेदन (अनुसुची २३ बमोजिम)
२. दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपी (समुह/निजि फर्म/कम्पनी/ सहकारी)
३. स्थाई लेखा नम्बर प्रमाणपत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी
४. कृषक तथा कृषक समुहको हकमा स्थाई लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपी तथा गत आ.व को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (छनौट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने छ)।
५. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव(कार्यक्रमको प्रकृति अनुसार अनुसुची २४ बमोजिम) तथा अनुमानित लागत-रकम।
६. सम्बन्धित स्थानिय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपी (समुह/सहकारीको हकमा) ।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपी।
९. निर्माण गरिने पूर्वधारको हकमा लागत अनुमान तथा नक्सा ।
१०.जग्गा धनी दर्ता प्रमाणपूर्जाको प्रतिलिपी वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा १० वर्ष वा तोकिएको अवधिको करार पत्र।
११. प्रस्तावकको निवेदनमा किसान सूचिकरण प्रणालीमा दर्ता भएको दर्ता नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

कार्यालय प्रमुख